राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४४ २०८२ चैत २५ गते बुधवार (8 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## इन्धन करमा ५० प्रतिशत छुट

दैनिक समाचारदाता
काठमाडौँ, २४ चैत । सरकारले इन्धन करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले इन्धनमा लाग्दै आएको करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको बैठकको निर्णय सार्वजनिक गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सो जानकारी दिनुभएको हो ।
त्यसैगरी सरकारले राष्ट्रिय योजना आयोग उपाध्यक्षमा डाक्टर गुणाकर भट्टलाई नियुक्त गरेको छ भने राष्ट्र बैङ्क डेपुटी गभर्नरमा किरण पण्डितलाई नियुक्त गरेको छ ।

## ९ 'हाइप्रोफाइल' पक्राउ, देशभर तरंग

काठमाडौँ । जेनजी आन्दोलनका अगुवा सुधन गुरुङ ले चैत १३ गते गृह मन्त्रालयको नेतृत्व सम्हालेसँगै ९ जना 'हाइप्रोफाइल' व्यक्तिहरू पक्राउ परेका छन्, जसले देशभर राजनीतिक तथा प्रशासनिक तरंग उत्पन्न गरेको छ।
बालेन्द्र शाह को अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले गौरीबहादुर कार्की आयोगको सिफारिस कार्यान्वयन गर्ने निर्णय गरेपछि गृहमन्त्री गुरुङले दान बहादुर कार्की र राजु अर्याल लाई सिंहदरबारमा बोलाएर पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक लाई पक्राउ गर्न निर्देशन दिएका थिए। आयोगले भदौ २३ मा भएको जेनजी आन्दोलनमाथि दमन गर्ने क्रममा उनीहरूलाई जिम्मेवार ठहर गरेको छ।
पक्राउ प्रक्रियाबारे सुरक्षा निकायका प्रमुखहरूले अदालतबाट अनुमति लिएर अघि बढ्न सुझाव दिएका थिए। तर गृहमन्त्री गुरुङले 'जरुरी पक्राउ पुर्जी' प्रयोग गर्न दबाब दिएको बताइएको छ। चैत १३ को रातभर उनी नक्सालस्थित आईजीपी निवासमै बसेर सुरक्षा रणनीति तय गरिएको स्रोतले जनाएको छ।
चैत १४ गते बिहान प्रहरी टोली भक्तपुरस्थित ओली निवासमा पुगेपछि मात्र गृहमन्त्री निवासबाट बाहिरिएका थिए। त्यसपछि दुवै नेता पक्राउ परेका हुन्। हाल स्वास्थ्य समस्याका कारण ओली त्रिवि शिक्षण अस्पतालमा उपचाररत छन् भने लेखक महाराजगञ्जस्थित सशस्त्र प्रहरी गणमा राखिएका छन्।
यसबीच सर्वोच्च अदालत का न्यायाधीशद्वय विनोद शर्मा र सुनिलकुमार पोखरेलको इजलासले चैत २५ पछि उनीहरूलाई थुनामा नराख्न आदेश दिएको छ।
जेनजी आन्दोलनका बेला काठमाडौँका प्रमुख जिल्ला अधिकारी रहेका छवि रिजाल पनि चैत १७ मा पक्राउ परेका थिए। उनलाई पछि हाजिर जमानीमा रिहा गरिएको छ। बानेश्वर क्षेत्रमा भएको गोलीकाण्डबारे उनीमाथि आलोचना भए पनि उनले घातक हतियार प्रयोगको आदेश नदिएको बताएका छन्।
यसैबीच, पूर्वसभासद् कर्ण बहादुर मल्ल बलात्कार आरोपमा पक्राउ परेका छन् भने पूर्वमन्त्री दीपक खड्का, व्यवसायी दीपक भट्ट र शंकरलाल अग्रवाल तथा उनका पुत्र सुलभ अग्रवाल विरुद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान भइरहेको छ।
लुम्बिनी प्रदेश सांसद रेखाकुमारी शर्मा लाई बालबालिका दुर्व्यवहार आरोपमा पक्राउ गरिएको भए पनि अदालतको आदेशपछि रिहा गरिएको छ।
यसै क्रममा प्रहरीले चैत २० र २१ गते सञ्चालन गरेको अप्रेसनमा ३३ जना गुण्डालाई समेत पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवन भट्टराईका अनुसार उनीहरूमाथि सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान भइरहेको छ।
प्रधानमन्त्री बनेपछि बालेन्द्र शाह नेतृत्वमा गुण्डागर्दीविरुद्ध कारबाही तीव्र भएको चर्चा छ। यद्यपि प्रहरी अधिकारीहरूले यसअघि नै निगरानी भइरहेको दाबी गरेका छन्। उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काका अनुसार धेरै संलग्न व्यक्ति फरार भएका छन् र उनीहरूमाथि निगरानी जारी छ।

*पक्राउ परेका उच्च पदस्थ व्यक्तिहरू:*
केपी शर्मा ओली (चैत १४)
रमेश लेखक (चैत १४)
कर्ण बहादुर मल्ल (चैत १४)
दीपक खड्का (चैत १५)
रेखाकुमारी शर्मा (चैत १६)
छवि रिजाल (चैत १७)
दीपक भट्ट (चैत १९)
शंकरलाल अग्रवाल (चैत २०)
सुलभ अग्रवाल (चैत २२)

यस घटनाक्रमले देशमा कानुनी शासन, राजनीतिक हस्तक्षेप र सुरक्षा संयन्त्रको भूमिकाबारे व्यापक बहस सुरु गराएको छ ।

### एसईईपछि फर्किंदा अकल्पनीय दुर्घटना

## मोटरसाइकल ठोक्किँदा आगलागी, तीन विद्यार्थीको मृत्यु

दैनिक समाचारदाता
जनकपुरधाम, २४ चैत । महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका र एकडारा गाउँपालिकाको सीमाक्षेत्रमा मङ्गलबार दुई मोटरसाइकल आपसमा जुध्दा भएको भीषण आगलागीमा तीन जना विद्यार्थीको ज्यान गएको छ भने तीन जना घाइते भएका छन् । घाइतेमध्ये एकजनाको अवस्था गम्भीर रहेको जनाइएको छ ।

बखरी(बर्दिबास सडकखण्ड अन्तर्गत एकडारा गाउँपालिका( ५ को गेना(बथनाहामा एसईई परीक्षा दिएर घर फर्किरहेका विद्यार्थी सवार दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो । ठक्करपछि मोटरसाइकलको ट्यांकी विस्फोट भई अचानक आगलागी हुँदा एक मोटरसाइकलमा सवार तीनै जना विद्यार्थी आगोमा परेर जलेका कारण घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्ब शर्माले जानकारी दिए ।



प्रहरीका अनुसार मृत्यु हुनेमा जलेश्वर नगरपालिका(६ का रामदयाल दासका अन्दाजी २० वर्षीय छोरा रवि दास, सोही ठाउँका सुरेन्द्र दासका अन्दाजी २० वर्षीय छोरा सुभाष दास तथा एकडारा गाउँपालिका(३ का शत्रुधन मण्डलका अन्दाजी २० वर्षीय छोरा अभिषेक मण्डल रहेका छन् ।

त्यसैगरी, दुर्घटनामा जलेश्वर(६ धबौलीका सुरेश दासका अन्दाजी १९ वर्षीय छोरा रोहित दास, सोही स्थानका लखिन्द्र कापरका अन्दाजी ९ वर्षीय छोरा अभय कापर तथा एकडारा(५ गेना(बथनाहाका रामवरण कापरका अन्दाजी २० वर्षीय छोरा अजय कापर घाइते भएका छन् ।

प्रहरी उपरीक्षक शर्माका अनुसार दुर्घटनाको सूचना पाएलगत्तै प्रहरी, वारुणयन्त्र र एम्बुलेन्स घटनास्थलमा पुगेर घाइते तथा मृतकलाई प्रादेशिक अस्पताल जलेश्वर पुर्‍याइएको थियो । अस्पतालका चिकित्सकले घाइते तीनै जनालाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि जनकपुर पठाएका छन् ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित सुरक्षा निकायका टोली घटनास्थल र अस्पतालमा पुगेर घाइतेको अवस्थाबारे जानकारी लिएका थिए। उनका अनुसार घाइतेमध्ये दुई जनाको उपचार

*बाँकी ३ पृष्ठमा*

## मधेशमा उद्योगमैत्री वातावरणको अभाव: मुख्यमन्त्री यादव

दैनिक समाचारदाता
जनकपुरधाम, २४ चैत । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादवले संघीय नीतिनियमका कारण प्रदेशमा उद्योग व्यवस्थापन गर्न कठिनाइ भइरहेको बताएका छन् । उनले वर्तमान संरचनामा उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक वातावरण पूर्ण रूपमा अनुकूल हुन नसकेको उल्लेख गर्दै यसले लगानीकर्तालाई आकर्षित गर्न चुनौती सिर्जना गरेको धारणा व्यक्त गरे ।





मंगलबार उद्योग वाणिज्य महासंघ मधेश प्रदेशद्वारा आयोजित सातौँ प्रदेशसभा निर्वाचन उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले मधेश प्रदेशमा आन्तरिक तथा बाह्य लगानीकर्ताको अभाव रहेको बताए । विशेषगरी विदेशी लगानीकर्ताका लागि संघीय सरकारका नीतिनियम जटिल र झन्झटिलो रहेको उनको भनाइ थियो । "संघीय नीतिका कारण उद्योग सञ्चालन सहज छैन, यसतर्फ सुधार आवश्यक छ," उनले भने ।

मुख्यमन्त्री यादवले मधेश प्रदेशलाई औद्योगिक प्रदेशका रूपमा विकास गर्न सकिने सम्भावना औंल्याउँदै उद्योगी व्यवसायीलाई लगानी गर्न आह्वान गरे । "हामीसँग प्राकृतिक स्रोतसाधन छैन्, प्राकृतिक पर्यटनको आकर्षण पनि छैन । यहाँ कृषि, धार्मिक पर्यटन र उद्योगका माध्यमबाट मधेश प्रदेशलाई समृद्ध बनाउन सकिन्छ," उनले स्पष्ट पारे । उनले प्रदेश सरकार उद्योगमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको जनाउँदै लगानीकर्तालाई निर्धक्क भएर अघि बढ्न आग्रह गरे ।उनका अनुसार मधेश प्रदेश कृषि उत्पादनका हिसाबले महत्वपूर्ण क्षेत्र भए पनि औद्योगिक विकास बिना दीगो आर्थिक प्रगति सम्भव छैन । त्यसैले कृषि उत्पादनलाई उद्योगसँग जोडेर मूल्य अभिवृद्धि गर्नुपर्नेमा उनले जोड दिए । यसले रोजगारी सिर्जना गर्नुका साथै प्रदेशको आर्थिक आधारलाई मजबुत बनाउने विश्वास उनले व्यक्त गरे ।

कार्यक्रममा उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक कुमार टेवानीले आफ्नो कार्यकालको समीक्षा गर्दै उद्योगी व्यवसायीहरूले भोग्दै आएका समस्या र चुनौतीबारे विस्तृत जानकारी गराए । उनले मधेश प्रदेशमा उद्योग सञ्चालनका क्रममा नीतिगत अस्पष्टता, पूर्वाधार अभाव, वित्तीय पहुँचको कमी र प्रशासनिक जटिलता प्रमुख समस्याका रूपमा रहेको उल्लेख गरे ।

अध्यक्ष टेवानीले प्रदेशको औद्योगिक विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । "तीनै तहका सरकारबीच सहकार्य र स्पष्ट नीति बिना उद्योग क्षेत्र अगाडि बढ्न सक्दैन," उनले भने । उनले उद्योगीहरूको मनोबल बढाउन स्थिर नीति, सहज प्रशासनिक प्रक्रिया र लगानीमैत्री वातावरण अपरिहार्य रहेको पनि जोड दिए ।

कार्यक्रममा वक्ताहरूले मधेश प्रदेशलाई औद्योगिक रूपमा अघि बढाउन नीतिगत सुधार, पूर्वाधार विकास, लगानी प्रवर्द्धन र सरकारी सहकार्य अपरिहार्य रहेको निष्कर्ष निकालेका छन् । उद्योगमैत्री वातावरण निर्माण गर्न सके मधेश प्रदेश आर्थिक रूपमा आत्मनिर्भर बन्न सक्ने विश्वास व्यक्त गरिएको थियो ।



## सम्पादकीय

# पेडा व्यवसाय संकटमा

सप्तरीको बरमझिया क्षेत्र केवल एउटा भौगोलिक स्थान मात्र होइन, नेपाली मिठाई संस्कृतिको गौरवपूर्ण पहिचान पनि हो। यहाँ उत्पादन हुने पेडाले राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय स्तरसम्म आफ्नो ख्याति फैलाएको छ। तर पछिल्लो समय यही पहिचान बोकेको पेडा व्यवसाय दूध अभावका कारण संकटतर्फ उन्मुख भएको छ, जुन केवल व्यवसायिक समस्या मात्र नभई ग्रामीण अर्थतन्त्र र सांस्कृतिक विरासतसँग जोडिएको गम्भीर विषय हो।

बरमझियादेखि महादेवपट्टीसम्म फैलिएको करिब एक किलोमिटर क्षेत्रमा १५० भन्दा बढी पेडा पसल सञ्चालनमा छन्। यी पसलहरूमा दैनिक करिब ८० मन दूध खपत हुने र झण्डै १८ लाख रुपैयाँ बराबरको कारोबार हुने तथ्यले यस व्यवसायको व्यापकता प्रस्ट पार्छ। अझ महत्त्वपूर्ण कुरा, यसबाट करिब २ हजार मजदुरले प्रत्यक्ष रोजगारी पाएका छन् भने करिब १५ हजार किसान आफ्नो दैनिक आम्दानीका लागि यसैमा निर्भर छन्। यसरी हेर्दा, पेडा व्यवसाय केवल मिठाई उत्पादनको कारोबार नभई हजारौं परिवारको जीवनयापनको आधार बनेको छ।

तर विडम्बना के छ भने, यस्तो महत्त्वपूर्ण व्यवसाय अहिले आधारभूत कच्चा पदार्थ–दूधकै अभावले थलिएको छ। विशेषगरी पेडा बनाउन अत्यन्त उपयुक्त मानिने भैंसीको दूध पर्याप्त मात्रामा उपलब्ध हुन नसक्दा उत्पादन घट्दै गएको छ। माग बढ्दो छ, तर आपूर्ति घट्दो–यो असन्तुलनले व्यवसायलाई दीर्घकालीन रूपमा कमजोर बनाउँदै लगेको छ।

सरकारी नीतिमा रहेको असन्तुलन यस समस्याको एक प्रमुख कारणका रूपमा देखिएको छ। हालका वर्षहरूमा पशुपालन नीतिले जर्सी गाई पालनलाई प्राथमिकता दिएको छ, जसका कारण भैंसी पालन क्रमशः घट्दै गएको छ। जबकि पेडा उत्पादनका लागि भैंसीको दूध नै गुणस्तरीय मानिन्छ। यसरी, नीति निर्माणमा भएको सानो असावधानीले एउटा स्थापित उद्योगलाई नै संकटमा धकेल्ने अवस्था सिर्जना भएको छ। दूध अभावका कारण व्यवसायीहरू बाध्य भएर अन्य जिल्लाहरू–सप्तरी, सिरहा, सुनसरी, उदयपुर–तथा भारतको सीमावर्ती क्षेत्रबाट दूध आयात गर्न थालेका छन्। यसले उत्पादन लागत बढाउनुका साथै गुणस्तरमा समेत असर पार्ने जोखिम बढाएको छ। यदि यस्तो अवस्था निरन्तर रहिरह्यो भने, बरमझियाको पेडाको मौलिक स्वाद र पहिचान नै हराउने खतरा उत्पन्न हुन सक्छ।

अर्कोतर्फ, गुणस्तर नियन्त्रण र बजार व्यवस्थापनको कमजोरी पनि गम्भीर चुनौतीका रूपमा देखिएको छ। उपभोक्ताहरूले मिसावटयुक्त पेडा बिक्री भइरहेको गुनासो गर्दै आएका छन्। झोलामा राखेर बसमार्फत बिक्री गरिने केही पेडा कम तौलका र न्यून गुणस्तरका हुने तथ्यले उपभोक्ता अधिकारको समेत उल्लङ्घन भइरहेको देखाउँछ। यस्ता गतिविधिमा सम्बन्धित निकायको प्रभावकारी निगरानी नहुनु झन् चिन्ताजनक पक्ष हो।

बढ्दो प्रतिस्पर्धाका कारण व्यवसायीहरूबीच अस्वस्थ अभ्याससमेत देखिन थालेका छन्। यात्रुवाहक बसलाई पसलअगाडि रोकी बिक्री गर्ने प्रवृत्तिले बजार अनुशासनमा प्रश्न उठाएको छ। यसले छोटो अवधिमा व्यापार बढाए पनि दीर्घकालीन रूपमा व्यवसायको छविमा नकारात्मक असर पार्न सक्छ।

यस अवस्थामा राज्यको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। पहिलो, भैंसी पालनलाई प्रोत्साहन गर्ने विशेष 'पकेट प्याकेज' कार्यक्रम लागू गर्न जरुरी छ, जसले किसानलाई आकर्षित गरी दूध उत्पादन वृद्धि गर्न मद्दत पुऱ्याउँछ। दोस्रो, पेडा उत्पादन र बिक्रीमा गुणस्तर मापदण्ड कडाइका साथ कार्यान्वयन गरिनुपर्छ। नियमित अनुगमन र परीक्षणले मात्र उपभोक्ताको विश्वास जोगाउन सकिन्छ।


तेस्रो, व्यवसायीहरूबीच स्वस्थ प्रतिस्पर्धा कायम गर्न स्पष्ट नियम र बजार व्यवस्थापन आवश्यक छ। स्थानीय तह, उद्योग वाणिज्य संघ र सरोकारवाला निकायबीच समन्वय गरेर दीगो समाधान खोजिनु आजको आवश्यकता हो। अन्ततः, बरमझियाको पेडा केवल मिठाई होइन–यो मधेशको सांस्कृतिक चिनारी, ग्रामीण अर्थतन्त्रको मेरुदण्ड र नेपाली स्वादको अन्तर्राष्ट्रिय दूत हो। यसलाई जोगाउनु भनेको केवल एक व्यवसाय जोगाउनु होइन, हाम्रो पहिचान र परम्परा जोगाउनु पनि हो। त्यसैले समयमै उचित नीति, प्रभावकारी कार्यान्वयन र सरोकारवालाको सहकार्यमार्फत यस संकटलाई अवसरमा रूपान्तरण गर्न अब ढिलाइ गर्नु हुँदैन।

# दलगत राजनीति र पतनको पाठ

- उमेश साह

नेपालको राजनीतिक इतिहासले एउटा गहिरो सन्देश दिन्छ(जब राजनीति जनताबाट टाढा जान्छ, तब त्यसको पतन अवश्यंभावी हुन्छ। आज देशमा देखिएको आर्थिक, सामाजिक र संस्थागत संकट कुनै आकस्मिक घटना होइन, बरु वर्षौंदेखि सञ्चित गलत अभ्यासहरूको परिणाम हो। ठूला दलहरूको कमजोर हुँदै गएको जनविश्वास पनि यही प्रक्रियाको प्रतिफल हो।

पहिलो समस्या सञ्चार क्षेत्रको दुरुपयोगसँग जोडिएको छ। स्वतन्त्र पत्रकारिताको मूल मर्म भनेको सत्तालाई प्रश्न गर्ने र जनताको आवाज बन्ने हो। तर पछिल्लो समय सञ्चारमाध्यमहरू दल र नेताको प्रचारमाध्यम जस्तै बनेका उदाहरणहरू बढ्दै गएका छन्। जनताको वास्तविक समस्या ओझेलमा पारेर सत्ताधारी नेताहरूको महिमामण्डन गरिँदा लोकतन्त्रको चौथो अंग नै कमजोर बन्न पुग्छ। जब सञ्चार निष्पक्ष रहँदैन, तब जनमत पनि भ्रमित हुन थाल्छ।






दलगत राजनीति जनविश्वास कमजोर पार्छ। सञ्चार र शिक्षा दुरुपयोग, श्रम हस्तक्षेप, स्वार्थी अभिजात वर्गले लोकतन्त्र कमजोर बनाउँछ। दीगो सुधार र नागरिक चेतना आवश्यक छ।

–उमेश साह

दोस्रो, श्रम र उत्पादन क्षेत्रमाथि राजनीतिक हस्तक्षेपले अर्थतन्त्रलाई गम्भीर क्षति पुऱ्याएको छ। मजदुरको वास्तविक हितभन्दा पार्टीका कार्यकर्तालाई 'नेता' बनाउने प्रवृत्तिले उद्योग( व्यवसाय धराशायी बने। बन्द, हड्ताल र अव्यवस्थित श्रम आन्दोलनले उत्पादन र निर्यातमा अवरोध सिर्जना गऱ्यो, जसको प्रत्यक्ष असर राष्ट्रिय अर्थतन्त्रमा पऱ्यो। उद्योगधन्दा बन्द हुनु भनेको रोजगारी गुम्नु मात्र होइन, देशको आत्मनिर्भरता कमजोर हुनु पनि हो।

तेस्रो, शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेपले दीर्घकालीन असर पारेको छ। जब शिक्षालयहरू ज्ञान उत्पादनका केन्द्र नभई राजनीतिक अभ्यासस्थल बन्छन्, तब योग्य जनशक्ति उत्पादन हुन सक्दैन। विद्यार्थी संगठनहरू शैक्षिक हकहितभन्दा दलगत स्वार्थमा केन्द्रित हुँदा शिक्षाको गुणस्तर खस्किँदै गएको छ। यसको परिणाम आज शिक्षित बेरोजगारीका रूपमा देखिएको छ।चौथो, तथाकथित नागरिक समाज र अभिजात वर्गको भूमिकामा पनि प्रश्न उठ्छ। समाजको मार्गदर्शन गर्ने जिम्मेवारी लिएका व्यक्तिहरू नै व्यक्तिगत स्वार्थमा केन्द्रित हुँदा समग्र समाज दिशाहीन बन्न पुग्छ। राष्ट्र र समाजको दीर्घकालीन हितभन्दा आफ्नो परिवार र प्रभाव विस्तारमा केन्द्रित सोचले लोकतान्त्रिक मूल्यलाई कमजोर बनाएको छ।

यी सबै कारणहरूको समग्र प्रभाव आज स्पष्ट देखिन्छ, देश आर्थिक रूपमा कमजोर भएको छ, युवाहरू रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन्, र स्वदेशमै बसेकाहरू न्यून आयका काममा सीमित हुन बाध्य छन्। यो केवल आर्थिक समस्या मात्र होइन, सामाजिक र मनोवैज्ञानिक संकट पनि हो। यस्तो अवस्थामा पनि विडम्बना के छ भने, जनताले बारम्बार उही राजनीतिक चक्रलाई दोहोऱ्याइरहेका छन्। आलोपालो सत्तामा जाने दलहरूका आश्वासनमा अल्झिँदा वैकल्पिक सोच र नयाँ नेतृत्वको खोजी कमजोर भएको देखिन्छ। तर पछिल्ला वर्षहरूमा स्वतन्त्र र वैकल्पिक नेतृत्वप्रति जनताको आकर्षण बढ्दै जानु सकारात्मक संकेत हो।

यस सन्दर्भमा बालेन्द्र शाह जस्ता व्यक्तित्वको उदयलाई धेरैले परिवर्तनको संकेतका रूपमा हेरेका छन्। परम्परागत राजनीतिक संरचनाबाट बाहिर आएर वैकल्पिक सोच प्रस्तुत गर्ने प्रयासले जनतामा नयाँ आशा जगाएको छ। यद्यपि, कुनै एक व्यक्तिमात्र समाधान होइन; दीगो परिवर्तनका लागि संस्थागत सुधार र सामूहिक चेतना आवश्यक हुन्छ।

अन्ततः, देशको भविष्य केवल नेताको हातमा मात्र हुँदैन, नागरिकको चेतनामा पनि निर्भर हुन्छ। जबसम्म हामी आलोचनात्मक सोच विकसित गर्दैनौं र योग्य नेतृत्वलाई समर्थन गर्दैनौं, तबसम्म पुरानै चक्र दोहोरिने खतरा रहिरहन्छ।

नेपालको समृद्धि सम्भव छ, तर त्यसका लागि दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्नेछ। यही नै आजको सबैभन्दा ठूलो राजनीतिक पाठ हो।

*उहाँ नेपाल पत्रकार महासंघ धनुषाका पूर्व अध्यक्ष हुन्।*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# यी नौ थरी मानिसका लागि वरदानभन्दा कम छैन पुदिना



काठमाडौं । खपी नसक्नुको गर्मी अनि पोल्ने घामको मौसममा शीतलता प्राप्त गर्न पुदिना एक उत्कृष्ट र सजिलो प्राकृतिक उपचार हो । सानो, हरियो, सुगन्धित पुदिनाका पातहरूले स्फूर्तिदायी सुगन्ध त दिन्छ नै, शरीर र मनलाई पनि शीतल बनाउँछ । गर्मीमा पुदिनाको सेवन धेरै रोगहरूबाट बच्न प्रभावकारी हुन्छ । पुदिनामा प्रशस्त मात्रामा पोषक तत्त्व हुन्छन् ।

यसमा पाइने मेन्थोलले शरीरलाई प्राकृतिक शीतलता प्रदान गर्दछ । गर्मीमा पुदिनाको चटनी, जुस, सलाद वा पानी सेवन गर्नाले गर्मीको प्रभावलाई उल्लेखनीय रूपमा कम गर्न सकिन्छ । गर्मीमा शरीरको तापक्रम नियन्त्रण गर्ने सबैभन्दा सरल तरिका पुदिना हो भनेर विज्ञहरू पनि भन्छन् ।

आयुर्वेदमा पुदिनाको विशेष स्थान छ र यसको सेवनले शरीरलाई धेरै फाइदा पुऱ्याउँछ । विज्ञहरूले यसलाई दही पुदिनाको चटनी, कागती-पुदिनाको सर्बत वा सलादको रूपमा आफ्नो दैनिक आहारमा समावेश गर्न सिफारिस गर्छन् । आजको यस लेखमा हामी पुदिना सेवनका फाइदाहरूबारे कुराकानी गर्नेछौं ।

*१. पाचन*

पुदिनाले पाचन प्रणालीलाई बलियो बनाउँछ । यसले अपच, ग्यास, एसिडटी र कब्जियतजस्ता समस्याहरूबाट राहत दिन्छ, पेटलाई हल्का राख्छ र भोक बढाउन पनि मद्दत गर्छ ।

*२. डिहाइड्रेसन*

पुदिना डिहाइड्रेसन रोक्न पनि प्रभावकारी हुन्छ । गर्मीमा अत्यधिक पसिना आउने हुनाले शरीरमा डिहाइड्रेसन हुन्छ । पुदिनाको पानी पिउनाले डिहाइड्रेसन रोक्छ र दिनभर ताजा रहन्छ ।

*३. टाउकोको दुखाइ*

पुदिनाले टाउकोको दुखाई र तनाव पनि कम गर्छ । पुदिनाको चिया टाउकोको दुखाइ र मानसिक तनाव भगाउनमा निकै फाइदाजनक हुन्छ ।

*४. ऊर्जा*

बिहान खाली पेटमा पुदिनाको पानी पिउनाले दिनभर ऊर्जा र ताजगी कायम राख्न मद्दत गर्छ ।

*५. रोग प्रतिरोधात्मक क्षमता*

पुदिना एन्टिअक्सिडेन्टले भरिपूर्ण हुन्छ । यसले शरीरको प्रतिरक्षा प्रणालीलाई बलियो बनाउँछ र मौसमी रोगहरूबाट बच्न मद्दत गर्छ ।

*६. पसिनाको गन्ध*

पुदिनाको सेवनले पसिनाको गन्ध कम गर्छ वा हटाउँछ ।

*७. मोटोपना*

यसले मोटोपना कम गर्न मद्दत गर्छ । तौल घटाउन यसको सेवन गर्न सकिन्छ ।

*८. सुन्निएको*

पुदिनामा एन्टी-इन्फ्लेमेटरी र एन्टिमाइक्रोबियल गुणहरू हुन्छन् । यसको सेवनले शरीरमा सुन्निने समस्या कम हुन सक्छ ।

*९. मुटु*

मुटुका बिरामीहरूका लागि पुदिनाको सेवन लाभदायक मानिन्छ ।

आयुर्वेदमा, पुदिनालाई गर्मीमा लाभदायक मानिन्छ । अमेरिकी राष्ट्रिय चिकित्सा पुस्तकालयको अध्ययनले पनि पुदिनाका धेरै स्वास्थ्य लाभहरू देखाएको छ । यसमा एन्टी-इन्फ्लेमेटरी र एन्टिअक्सिडेन्ट गुणहरू समावेश छन् । पुदिना सस्तो, सजिलै उपलब्ध हुने र कुनै साइड इफेक्ट नभएको प्राकृतिक उपचार हो ।

*साभारः रातोपाटीडटकम*

## लेबनानमा भएको आक्रमणमा ८ जनाको मृत्यु

एजेन्सी

बेरुत २४ चैत । लेबनानमा गए राति इजरायलले गरेको हवाई तथा ड्रोन आक्रमणमा आक्रमणमा कम्तीमा आठ जनाको मृत्यु भएको छ ।



लेबनानको सरकारी समाचार एजेन्सीले बताएको भन्दै बीबीसीले समाचार छापेको छ । युद्धका कारण दर्जनौं घाइते भएका छन् ।

आक्रमणले दक्षिणी लेबनान र बेकाको पश्चिमी भागलाई लक्षित गरेको थियो ।

आक्रमणले घरहरू नष्ट भएको र व्यापक क्षति पुगेको एजेन्सीले समाचारमा उल्लेख गरेको छ । यसैबीच, देशभर जासुसी उडान पनि देखिएको बताइएको छ । इजरायली रक्षा बल आफ्नो ९८ औं डिभिजनका सैनिकहरूले विगत हप्तामा "साउथ लेबननका थप लक्ष्यमा लक्षित भू-कार्यवाहीलाई विस्तार गरेको दाबी गरेको समयमा आक्रमणको खबर आएको हो ।

## साउदी अरब र बहराइन जोड्ने पुल पुनः सञ्चालनमा



एजेन्सी

रियाद २४ चैत । साउदी अरब र बहराइनलाई सडकमार्फत जोड्ने किंग फहाद पुल पुनः सञ्चालनमा आएको छ ।

इरानी हवाई आक्रमणका कारण नजिकैका ऊर्जा संरचनामा जोखिम उत्पन्न भएपछि सम्भावित भग्नावशेषको खतरा ध्यानमा राख्दै पुललाई सावधानीका रूपमा बन्द गरिएको थियो ।

तर करिब पाँच घण्टापछि अधिकारीहरूले सामाजिक सञ्जालमार्फत सवारी आवागमन पुनः सुरु भएको जानकारी दिएका छन् । यो पुल करिब १५ दशमलव ५ माइल लामो संरचना हो ।

यसले दुई खाडी राष्ट्रहरूबीच प्रत्यक्ष स्थल यातायातको एकमात्र मार्ग प्रदान गर्छ ।






## मोटरसाइकल...................

जनकपुरस्थित रामजानकी अस्पतालमा भइरहेको छ भने एकजनाको प्रादेशिक अस्पताल/स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरमा उपचार भइरहेको छ। घाइतेमध्ये एकजनाको अवस्था गम्भीर रहेको उनले बताए ।

मृतकहरूको शव आगलागीका कारण नचिनिने अवस्थामा पुगेकोले पहिचान गर्न समय लागेको जनाइएको छ । परिवारका सदस्य आएपछि मात्र शवको पहिचान खुलाइएको र पोस्टमार्टमपछि शव परिवारलाई जिम्मा लगाइने प्रहरीले जनाएको छ ।

दुवै मोटरसाइकल पूर्ण रूपमा जलेका कारण नम्बरसमेत खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ । दुर्घटनाका बेला दुवै मोटरसाइकलमा तीन(तीन जना सवार रहेको पुष्टि भएको छ ।

स्थानीयवासीले मोटरसाइकल जुधेर आगलागी भई यति ठूलो क्षति भएको घटना अत्यन्त डरलाग्दो र दुःखद भएको बताएका छन् । प्रादेशिक अस्पताल जलेश्वरमा भेटिएका स्थानीय राजन मण्डलले विमान दुर्घटनामा जलेर मृत्यु भएका घटना सुनेको भए पनि मोटरसाइकल आगलागीमा यसरी जलेर मृत्यु भएको पहिलोपटक देखेको भन्दै यसलाई भयावह घटना बताए ।

घटनापछि स्थानीयवासीले अभिभावकलाई जिम्मेवार बन्न आग्रह गरेका छन्। स्थानीय युवा सञ्जीत पाठकले कलिला उमेरका बालबालिकाको हातमा मोटरसाइकलजस्ता साधन दिनु खतरनाक भएको उल्लेख गर्दै कडाइ गर्नुपर्ने बताए।

उनले पछिल्लो समय सडक दुर्घटना बढ्दै गएको सन्दर्भमा विद्यार्थीलाई मोटरसाइकल चलाउन नदिन र नियम उल्लङ्घन भएमा अभिभावकलाई समेत जिम्मेवार बनाउने व्यवस्था गर्नुपर्ने माग गरेका छन्।







विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८२ चैत्र २५ गते बुधवार [8 May. 2026] | समाचार दैनिक जनकपुर

# पेट्रोलियम पदार्थबाट पौने एक खर्ब राजस्व सङ्कलन

दैनिक समाचारदाता
काठमाडौँ, २४ चैत । पश्चिम एसियाली मुलुकहरूमा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य निरन्तर बढिरहेको छ। त्यससँगै नेपालमा पेट्रोलियम पदार्थमा विभिन्न शीर्षकमा लगाइएको उच्च करका कारण उपभोक्ताले थप मूल्य चुकाउनुपर्ने अवस्था सिर्जना भएको छ। यस्तो अवस्थामा सरकारले करमा सहुलियत वा अस्थायी रूपमा कटौती गरे उपभोक्तालाई तत्काल राहत दिन सकिने देखिएको छ।




नेपाल आयल निगमका अनुसार हाल प्रतिलिटर पेट्रोलमा ६५ रुपैयाँ ८४ पैसा, डिजेलमा ४८ रुपैयाँ ३५ पैसा, मटितेलमा ३३ रुपैयाँ ९३ पैसा र हवाई इन्धनमा ३४ रुपैयाँ ११ पैसा कर लागिरहेको छ। त्यसैगरी, खाना पकाउने एलपीजी ग्यासमा प्रतिसिलिन्डर २८७ रुपैयाँ ३१ पैसा कर समावेश गरिएको छ।

हाल बजारमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ र डिजेल १८२ रुपैयाँ कायम छ। इन्धनको मूल्यमा भएको वृद्धिले यातायातदेखि दैनिक उपभोग्य वस्तुसम्म सबै क्षेत्रमा प्रत्यक्ष असर पारिरहेको छ, जसका कारण महँगी थप चर्किएको छ। उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सेनाले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनजीवन प्रभावित भइरहेका बेला उच्च करका कारण थप भार परेको उल्लेख गर्दै तत्काल कर घटाएर उपभोक्तालाई राहत दिनुपर्ने बताए। “इन्धनको मूल्य बढ्दा त्यसको प्रभाव खाद्यान्नदेखि सेवा क्षेत्रमा समेत पर्छ, त्यसैले सरकार राजस्वमुखीभन्दा उपभोक्तामुखी बन्न आवश्यक छ,” उनले भने। निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहका अनुसार इन्धन आयात गर्दा भन्सार बिन्दुमै संकलित कर सिधै सरकारी खातामा जम्मा हुने गर्दछ। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढिरहेकाले खपत घटाउन उपभोक्तालाई सचेत हुन पनि उनले आग्रह गरे।

***राजस्वमा ठूलो योगदान***

पेट्रोलियम पदार्थ नेपाल सरकारको प्रमुख राजस्व स्रोतका रूपमा स्थापित भएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुनसम्म १ खर्ब ७७ अर्ब १२ करोड रुपैयाँ बराबरको इन्धन आयात हुँदा ८६ अर्ब ५८ करोड रुपैयाँ राजस्व संकलन भएको निगमले जनाएको छ।

यस अवधिमा भन्सार शुल्कबाट २८ अर्ब १२ करोड, मूल्य अभिवृद्धि कर (भ्याट) बाट ३२ अर्ब ९ करोड, सडक मर्मत शुल्कबाट ४ अर्ब ७३ करोड र वातावरण शुल्कबाट २ अर्ब ३६ करोड रुपैयाँ संकलन भएको छ। त्यस्तै पूर्वाधार विकास करबाट १५ अर्ब ७० करोड, हरित करबाट १ अर्ब ५७ करोड र आयकरबाट १ अर्ब रुपैयाँ राजस्व उठेको छ।

***कर संरचना र मूल्य अन्तर***

हाल प्रतिलिटर पेट्रोलमा भन्सार शुल्क २५ रुपैयाँ २० पैसा, पूर्वाधार कर १० रुपैयाँ, हरित कर १ रुपैयाँ, सडक मर्मत शुल्क ४ रुपैयाँ र प्रदूषण शुल्क १ रुपैयाँ ५० पैसा लाग्छ। डिजेलमा भन्सार शुल्क १२ रुपैयाँ, पूर्वाधार विकास कर १० रुपैयाँ, सडक मर्मत शुल्क २ रुपैयाँ, हरित कर १ रुपैयाँ र प्रदूषण शुल्क १ रुपैयाँ ५० पैसा रहेको छ। निगमका अनुसार अहिले पेट्रोलको खरिद मूल्य प्रतिलिटर १५३ रुपैयाँ ७८ पैसा, डिजेल २४२ रुपैयाँ ४९ पैसा, मटितेल १९७ रुपैयाँ र हवाई इन्धन (आन्तरिक) २१३ रुपैयाँ छ। एलपीजी ग्यासको खरिद मूल्य प्रतिसिलिन्डर १ हजार ६९० रुपैयाँ रहेको छ।

पछिल्लो तीन सातामा पेट्रोलमा प्रतिलिटर ४० रुपैयाँ, डिजेलमा ४५ रुपैयाँ र हवाई इन्धनमा १२४ रुपैयाँ वृद्धि भएको छ। तर मूल्य समायोजन पूर्ण रूपमा हुन नसक्दा निगमले पेट्रोलमा प्रतिलिटर ३४ रुपैयाँ ३६ पैसा, डिजेलमा १२० रुपैयाँ ५४ पैसा र ग्यासमा प्रतिसिलिन्डर ४१६ रुपैयाँ घाटा व्यहोर्दै आएको जनाएको छ।

***खपत नियन्त्रणको प्रयास***

इन्धन खपत घटाउने उद्देश्यले सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णयसमेत गरिसकेको छ। निगमका अनुसार नेपालमा दैनिक पेट्रोल २५ लाख लिटर र डिजेल ५० लाख लिटर खपत हुने गरेको छ।

समग्रमा, अन्तर्राष्ट्रिय मूल्यवृद्धि र उच्च कर संरचनाका कारण इन्धन महँगिँदा जनजीवनमा व्यापक प्रभाव परेको छ। यस्तो अवस्थामा कर नीतिमा पुनरावलोकन गरी उपभोक्तालाई राहत दिनुपर्ने आवश्यकता थप स्पष्ट हुँदै गएको छ।

# घरबाटै काम गर्न सरकारको आह्वान



दैनिक समाचारदाता
काठमाडौँ, २४ चैत । युद्धका कारण इन्धन सङ्कट चुलिएको भन्दै सरकारले घरबाटै काम गर्न आग्रह गरेको छ।
सरकारले विश्वबजारमा इन्धन सङ्कट गहिरिनुका साथै मूल्यवृद्धि समेत आकशिएकाले इन्धन खपतका लागि घरबाटै काम गर्न आग्रह गरेको हो।
मङ्गलबार बसेको मन्त्रीपरिषद् बैठकका निर्णय सुनाउँदै सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले घरबाटै अफिसको काम गर्न आह्वान गर्नुभयो। नेपालमा केही सस्तोमा बिक्री गर्नका लागि पेट्रोल डिजेल मट्टीतेलमा लाग्दै आएको पूर्वाधार विकास करमा ५० प्रतिशत छुट प्रदान गर्ने र सोको सूचना राजपत्रमा प्रकाशित गर्ने निर्णय भएको समेत उहाँले जानकारी दिनुभयो।
मन्त्री रावलले भन्नुभयो- ‘विश्व बजारमा इन्धनको मूल्य बढेको छ, नेपालमा केही सस्तोमा बिक्री गर्नका लागि पेट्रोल डिजेल मट्टीतेलमा लाग्दै आएको पूर्वाधार विकास करमा ५० प्रतिशत छुट प्रदान गर्ने र सोको सूचना राजपत्रमा प्रकाशित गर्ने निर्णय भएको छ। मूल्य समायोजनको बाध्यता छ। सरकारले यो तथ्य लुकाउँदैन। त्यसैले पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न व्यावहारिक देखिएको छ। पेटोलियम पदार्थ खपत नियन्त्रण गर्नका लागि आइतबार सार्वजनिक बिदा, शैक्षिक संस्था वैशाख १५ बाट सुरु हुने, थोक बिक्री नियन्त्रण, उच्चपदस्थको इन्धन कोटा कटौती, गरिसकिएको छ। आवश्यक परे जोर बिजोर लागु गरिने छ। सरकार जनतासँग वर्क फ्रम होम र विद्युतीय साधनहरूको प्रयोग बढाउन आग्रह गर्छ।’
मन्त्री रावलका अनुसार सरकारले दीर्घकालीन रूपमा विद्युतीय गाडीको कानुनी व्यवस्थापन अघि बढेको छ। यसका लागि इथानोल नीतिमा तयारी भइरहेको बताउनु भयो। इभी पूर्वाधार विस्तारमा सरकार प्रतिबद्ध रहेको बताउँदै रावलले सरकार पारदर्शी रहेको र सत्य नलुकाउने, जनताको पीडा बुझ्ने समेत बताउनुभयो।

# सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध कारण देखाऊ आदेश

दैनिक समाचारदाता
काठमाडौँ २४ चैत। सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ।




सर्वोच्चका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सरकारका नाममा कारण देखाउ आदेश जारी गर्दै अन्तरिम आदेश छलफलमा दुवै पक्षलाई बोलाउने आदेश दिएको छ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन दायर गरेका थिए। सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको दाबी रिटमा छ।प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममार्फत मात्र हुने भन्दै सबै निकायमा परिपत्रसमेत भएको थियो।

रकारको उक्त निर्णयले विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाएको जिकिरसमेत रिटमा छ।

# सप्तरीमा विद्युत इन्जिनियर १.४ लाख घुस रकमसहित पक्राउ

दैनिक समाचारदाता
सप्तरी,२४ चैत। सप्तरीस्थित नेपाल विद्युत प्राधिकरण कञ्चनपुर, बितरण केन्द्र सप्तरीका प्रमुख (इन्जिनियर) महेन्द्र कुमार दास एक लाख ४० हजार रुपियाँ घुस रकमसहित पक्राउ परेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीका अनुसार दासले चार्जिङ्ग स्टेशनको लागि ट्रान्सफर्मर राखी लाइन छाडिदिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने सूचनाका आधारमा आयोगले टोलीले उनलाई मङ्गलबार नियन्त्रणमा लिएको हो। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ बाट नियन्त्रणमा लिइ उनीमाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ।


# एसईई परीक्षामा चिट चोराउने शिक्षकसहित चार जना पक्राउ

दैनिक समाचारदाता
रौतहट, २४ चैत। मङ्लबार भइरहेको एसईई परीक्षामा मर्यादा उलङ्घन गर्ने र गराउँदै गरेका एक शिक्षकसहित चार जना युवालाई प्रहरीले नियन्त्रणमा लिएको छ।
‘ह्वाट्सएप ग्रुप’ मार्फत चिट चोराउँदै गरेको अवस्थामा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट उनीहरूलाई



नियन्त्रणमा लिइएको हो। जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक बिष्णुप्रदिप बस्यालका अनुसार मा.वि. शीतलपुर गुजराका शिक्षक तेजनारायण चौधरी, मावि सिम्राभवानीपुर नजिकबाट चन्द्रपुर नगरपालिका-६ का रञ्जित साह, गुजरा नगरपालिका-५, लक्ष्मीपुरका महम्मद हुसेन र समिर मन्सुरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।


## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035 9801674020

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४